नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नम्बरः ३५८

मिति :२०७७/११/०४

विषय : आवश्यक सहयोग सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा युवा तथा खेलकुद मन्त्रालयको च.नं.७८९ मिति २०७७/१०/१९ को पत्र र सो पत्रसाथ प्राप्त **कर्जा लगानी तथा असूली कार्यविधि,२०७७** संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिम आवश्यक सहयोग र समन्वय हुन आदेशानुसार छ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री युवा तथा खेलकूद मन्त्रालय, सिंहदरबार।
श्री सूचना तथा प्रविधि शाखाः email मार्फत जानकारी पठाईदिनु हुन।

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(युवा उद्यमशील तथा लगानी प्रवर्द्धन ........शाखा)

पत्र संख्या : ०७७/०७८
चलानी नं. : ६८५

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिती : २०७७/१०/१९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

विषय : आवश्यक सहयोग सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको मिती २०७७/१०/७ मा बसेको संचालक समितीको बैठकबाट पारित भएको युवा तथा साना व्यावसायी स्वरोजगार कोष, कर्जा लगानी तथा असुली कार्यविधि २०७७ को दफा १० को उपदफा (७) अनुसार यस कोषबाट कर्जा लगानी गर्दा स्थानिय प्राथमिकताका परियोजनामा गर्ने उद्वेश्यले सबै स्थानिय निकायका प्रमुख प्रशासकिय अधिकृतहरुसंग आवश्यक सहयोग लिनुपर्ने भएकोले सोका लागि सबै स्थानिय तहहरुलाई आवश्यक सहयोग गरिहिनका लागि यस मन्त्रालय मार्फत सहयोग र समन्व्य गरिदिनका लागि मिती २०७७/१०/१९ को सचिवस्तरीय निर्णय अनुसार अनुरोध छ ।

..................
बन्दना झा
उपसचिव

बोधार्थ

श्री युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालय ।

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष
# कर्जा लगानी तथा असूली कार्यविधि, २०७७

कोषको कर्जा लगानी तथा असूली कार्यलाई व्यवस्थित गर्न युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम ३७ बमोजिम युवा तथा साना व्यवसायी स्वरोजगार कोषको समितिले यो कार्यविधि बनाएकोछ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम "युवा तथा साना व्यवसायी स्वरोजगार कोष, कर्जा लगानी तथा असूली कार्यविधि, २०७७" रहेकोछ ।

(२) यो कार्यविधि कोष सञ्चालक समितिबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः-** **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "अनुगमन" भन्नाले कर्जाका लागि आशय पत्र पेश गरेका ऋणीहरुको कर्जा लगानी पूर्वको स्थलगत अनुगमन तथा थोक कर्जाका लागि कोषले प्रस्ताव आह्वान गरे बमोजिम प्रस्ताव पेश गरेका बैङ्क, वित्तीय एवम् सहकारी संस्था, स्वोजगार हुन चाहने व्यक्तिहरूको कर्जा लगानी पूर्व गरिने स्थलगत अनुगमन तथा छनोट भएका व्यक्ति तथा संस्थाहरू र ती संस्थाहरूले तथा कोषले कर्जा लगानी गरेका कर्जाग्राहीद्वारा सञ्चालित युवा स्वरोजगार परियोजनाहरूको अवलोकन, निरीक्षण तथा सुपरीवेक्षण एवं गैर स्थलगत र तेश्रो पक्षबाट गरिने अनुगमन भन्ने सम्झनु पर्दछ ।

(ख) "ऋणी" भन्नाले कोष मार्फत स्वरोजगार कर्जाको लागि कर्जा माग गर्ने बैङ्क, वित्तीय एवम् सहकारी संस्था र कोषको ऋण प्राप्त गरेको व्यक्ति वा समूह सम्झनु पर्दछ ।

(ग) "एकाघरपरिवार" भन्नाले कोषबाट थोककर्जा लिने बैङ्क, वित्तीय संस्था वा सहकारी सङ्घ संस्थाका पदाधिकारी सदस्य एवम् ती संस्था मार्फत वा कोषबाट कर्जा लिने कर्जाग्राही, व्यवसायी एवम् निजहरूसँग सँगोलमा बस्ने रीतपूर्वक अंशवण्डा भई छुट्टी भिन्न नभएका वा सँगोलमा नवसे पनि संयुक्त घर व्यवहार गरी आएका बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, पति, पत्नी, छोरा, छोरी, दाजु, भाई, अविवाहित दिदी बहिनी, धर्मपुत्र, धर्मपुत्री समेतलाई एकाघरपरिवारका सदस्य भन्ने सम्झनु पर्दछ ।

(घ) "कर्जा" भन्नाले कोषबाट प्रवाह गरिने कर्जा, लगानी वा ऋण भन्ने सम्झनु पर्दछ । साथै यस प्रयोजनको लागि कोषबाट प्रवाह गरिएको कर्जाबाट प्राप्त हुने ब्याजलाई समेत जनाउँदछ ।

(ङ) "कर्जाग्राही" भन्नाले कोषबाट प्रदान गरिने कुनै पनि कर्जा कायक्रममा सङ्लग्न हुने बैङ्क, वित्तीय एवम् सहकारी संस्था, व्यक्ति वा समूह भन्ने सम्झनु पर्दछ ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(च) "कालोसूची" भन्नाले कोषबाट कर्जा लिई समयमा कर्जा नतिर्ने, कर्जा दुरुपयोग गर्ने ग्राहक, ऋणी तथा बैंकिङ अपराधमा संलग्न व्यक्तिहरुलाई खराब कर्जाग्राहीको नाममा राखिने सूची सम्झनु पर्दछ ।

(छ) "कोष" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय सम्झनु पर्दछ ।

(ज) "ग्रेस अवधि" भन्नाले ऋणी वा बैङ्क तथा वित्तीय एवम् सहकारी संस्थालाई निर्धारण गरिएको किस्ता रकममा साँवाको अंश समावेश नगरी ब्याज मात्र लगाइएको समयावधिलाई सम्झनु पर्दछ ।

(झ) "चल-अचल सम्पत्ति" भन्नाले कोषको थोक कर्जा लिने बैङ्क, वित्तीय एवम् सहकारी सङ्घ/संस्थाको नाममा रहेको तथा अन्य ऋणीको हकमा ऋणी र समूहका सदस्यहरू एवम् निजहरूको एकाघरपरिवारका सदस्यका नाममा रहेको घरजग्गा, धन वा पूँजी, सरकारी ऋण पत्र, सुनचाँदी, रूपैयाँ आदि धन भन्ने सम्झनु पर्दछ ।

(ञ) "नियमावली" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ लाई सम्झनुपर्दछ ।

(ट) "परियोजना वा प्रस्ताव" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट लिने कर्जा र आफ्नो रकमसमेत लगानी गरी कुनै व्यवसाय सञ्चालन गर्न तयार गरिएको प्रस्ताव र सोसँग सम्बन्धित चल-अचल सम्पत्ति समेत सम्झनु पर्दछ ।

(ठ) "प्रशासनिक कारवाही" भन्नाले कोषबाट कर्जा लिने ऋणी तथा बैङ्क, वित्तीय संस्था र सहकारी सङ्घ/संस्थाहरू तथा ती संस्थाहरूबाट कर्जा लिने कर्जाग्राहीहरूले कोषमा भुक्तानी तालिका अनुसार कर्जा फिर्ता नगरेमा कोष तथा कोष अन्तर्गतको स्थानीय समन्वय तथा अनुगमन समितिको संयोजक/प्रशासकीय अधिकृतबाट गरिने नियमानुसारको कारवाही सम्झनु पर्दछ ।

(ड) "बिना धितो" भन्नाले परियोजना धितो राखी व्यक्ति वा समूह स्वयम् आफैं जमानीमा बस्ने कार्यलाई सम्झनु पर्दछ ।

(ढ) "मूल्याङ्कन उप-समिति" भन्नाले दफा (५) को उपदफा (३) को उपसमिति सम्झनु पर्दछ ।

(ण) "युवा" भन्नाले १६ वर्ष माथि देखि ४० वर्ष सम्मका व्यक्ति सम्झनु पर्दछ ।

(त) "लक्षित समुदाय" भन्नाले १८ वर्ष देखि ६० वर्ष सम्मका आर्थिक रुपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय सम्झनु पर्छ र सो शब्द गरीब किसान, मजदुर, सकुम्बासी वा साना व्यवसायी समेतलाई जनाउँछ ।

(थ) "सचिवालय" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालयलाई सम्झनु पर्दछ ।

मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(द) "समिति" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ध) "संस्था" भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय कारोबार गर्न इजाजत प्राप्त संस्था र सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी सङ्घ/संस्थालाई जनाउनेछ ।

(न) "साना व्यवसायी"भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्यले स्वरोजगारजन्य आर्थिक क्रियाकलाप गर्ने व्यक्ति वा समूह सम्झनु पर्दछ ।

(प) "हर्जाना" भन्नाले कोषद्वारा ऋणी वा बैङ्क, वित्तीय संस्था र सहकारी सङ्घ/संस्थामा लगानी गरेको थोककर्जा रकम भुक्तानी तालिका अनुसार कोषमा नियमित रूपमा नतिरी, नबुझाई भाखा नाघेको साँवा ब्याजमा लाग्ने सम्झौता बमोजिम अतिरिक्त थप दुई प्रतिशत ब्याज रकमलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

## कर्जाका लागि आशय पत्र, संस्थाले प्रस्ताव पेश गर्ने प्रक्रिया, कर्जा प्रस्ताव छनौट र स्वीकृत

३. **कर्जा लिनका लागि व्यक्ति वा समुह छनोट गर्ने प्रक्रिया :-** (१) व्यक्तिगत वा सामुहिक स्वरोजगार कर्जा लिनका लागि आशय पत्र कोषको Website (www.ysef.gov.np) मा Log In गरी online भर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम Online भर्न सम्भव नभएमा कोषको website बाट download गरी वा कोषले उपलब्ध गराएको आशय पत्र पूर्णरुपमा भरी स्थानीय तहमा रहेको स्थानीय समन्वय तथा अनुगमन समिति/सम्पर्क कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) निश्चित क्षेत्र, भूगोलमा स्वरोजगार कर्जा कार्यक्रमहरुका सन्दर्भमा व्यक्तिगत वा सामुहिक स्वरोजगार कर्जा लिनका लागि आशय पत्र भरी सम्बन्धित स्थानीय समन्वय तथा अनुगमन समिति / सम्पर्क कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) कोषको उद्देश्य अनुसार स्थानीय समन्वय तथा अनुगमन समितिबाट सिफारिस सहित प्राप्त भएका आशय पत्रहरु अध्ययन विश्लेषण गरि कार्यक्रम शाखाले कार्यकारी निर्देशक समक्ष पेश गर्नेछ ।

(५) कोषका कार्यकारी निर्देशकले स्वीकृतीका लागि कार्यकारी उपाध्यक्ष समक्ष सिफारिस गर्नु पर्नेछ र यसरी सिफारिस गरिएका ऋणीहरुलाई कोषका कार्यकारी उपाध्यक्षबाट कर्जा स्वीकृत गरिनेछ ।

(६) आशय पत्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार कोषसँग सुरक्षित रहनेछ ।

(७) यसरी स्वीकृत गरिएको कर्जा दफा (५) अनुसार स्वीकृत गरिएका संस्थाहरु मार्फत कर्जा लगानी गरिनेछ ।

४. **संस्थाले प्रस्ताव पेश गर्ने प्रक्रिया:-** (१) कोषले कर्जा लगानीका लागि समय समयमा सञ्चार माध्यम (रेडियो, टि.भी., एफ.एम., राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका, कोषको वेबसाइट आदि) बाट संस्थालाई प्रस्ताव पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) थोक कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरु तथा कोषसँग पुनः कर्जा कारोवार गर्न चाहने सहकारी संस्थाहरुले पुरा गर्नुपर्ने मापदण्डहरु देहाय बमोजिम हुनेछन्:-

(क) संस्थाको कार्यक्षेत्र, शेयर पूँजी, सदस्य संख्या, सञ्चालन अवधी र वित्तीय अवस्था कोष सचिवालयले तोके बमोजिम हुनेछ ।

मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) पछिल्लो आ. व. मा भाखा नाघेको ऋण कूल ऋण लगानीको ५ प्रतिशत भन्दा बढी नभएको हुनु पर्नेछ ।

(ग) पछिल्लो आ.व. को आषाढ मसान्त सम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनु पर्नेछ ।

(३) सहकारी संस्थाले देहायका कागजातहरु प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(क) लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ख) कोषले तोके बमोजिमको कर्जा प्रस्तावको फाराम पूर्ण रुपमा भरी प्रत्येक पानामा हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनु पर्नेछ ।

(ग) सम्बन्धित स्थानीय तहबाट सहकारी ऐन, नियम एवं मापदण्ड अनुरुप नियमित रुपमा संचालन भएको सिफारिस पत्र हुनु पर्नेछ ।

(घ) संस्थाको आफ्नो कार्यालय भवन नभएमा घर वहाल सम्झौता पत्र हुनु पर्नेछ ।

(ङ) संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नं., कर चुक्ता प्रमाण पत्र र विनियमको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(४) कोषसँग पुनः कर्जा कारोवार गर्न चाहने संस्थाहरुले कोषलाई तिर्नु बुझाउनु पर्ने रकम नियमित रुपमा तिरेको हुनु पर्नेछ ।

(५) बैंक तथा वित्तीय संस्थाले कर्जा माग प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नु पर्नेछ :-

(क) संस्था दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली एवम् सञ्चालकहरुको पूर्ण विवरण ।

(ख) लेखापरीक्षण प्रतिवेदन ।

(ग) संस्थाको पूँजी संरचना, वित्तीय अवस्था, निक्षेप तथा पुँजीकोष विवरण ।

(घ) कर्मचारीको विवरण ।

५. **संस्था छनौंट र स्वीकृत गर्ने प्रक्रियाः-** (१) संस्थाहरुले कोषले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहको स्थानीय समन्वय तथा अनुगमन समिति (न.पा./गा.पा. को कार्यालय) वा कोष वा कोषले तोकेको शाखा वा सम्पर्क कार्यालयमा कर्जाका लागि कर्जा प्रस्ताव आवेदन पेश गर्नु पर्नेछ ।

(२) प्रस्ताव आवेदन पेश गरेका संस्थाहरुको कोषका कर्मचारी तथा स्थानीय समन्वय तथा अनुगमन समितिले स्थलगत अनुगमन गरी कोष सचिवालयमा कर्जा सिफारिस गर्नु पर्नेछ ।

(३) कोष सचिवालयमा सिफारिस भई आएका सहकारी संस्थाका कर्जा प्रस्तावहरू छनौंट गरी सिफारिस गर्न कार्यकारी निर्देशकको संयोजकत्वमा देहाय बमोजिमको एक मूल्याङ्कन उप-समिति गठन हुनेछ ।

| | |
|---|---|
| कार्यकारी निर्देशक | -संयोजक |
| उपकार्यकारी निर्देशक | -सदस्य |
| वित्त शाखा प्रमुख | -सदस्य |
| कानुन शाखा प्रमुख | -सदस्य |
| कार्यक्रम शाखा प्रमुख | -सदस्य-सचिव |



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) मूल्याङ्कन उप-समितिमा आवश्यकता अनुसार विशेषज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) बैक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुले कर्जा प्रस्ताव पेश गरेका प्रस्तावहरु उपदफा (३) अनुसार गठित मूल्यांकन उप-समितिले छनौंट गरी सिफारिस गर्नु पर्नेछ ।

(६) मूल्याङ्कन उप-समितिले सिफारिस गरेका प्रस्तावहरुलाई दिईने कर्जाका लागि संस्था कोषका कार्यकारी उपाध्यक्षबाट स्वीकृत हुनु पर्नेछ ।

(७) कर्जा लगानी सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार कोषसँग सुरक्षित रहनेछ ।

(८) मूल्याङ्कन उप-समितिले आफ्नो कार्यविधि आफैं बनाई कार्य सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद -३

## कर्जाको सीमा, कर्जा लगानी, व्याज दर, भुक्तानी अवधि, र वीमा

६. **कर्जाको सीमा र कर्जा लगानीः-** (१) कोषले उपलब्ध गराउने सहुलियत कर्जा लक्षित समुदायमा लगानी गर्नका लागि बैंक, वित्तीय संस्था र सहकारी संस्थालाई अधिकतम देहायका कर्जा सीमा भित्र रहेर कर्जा सम्झौता गरी कर्जा उपलब्ध गराउनेछ ।

(क) बैक, वित्तीय संस्थाहरुलाई बढीमा रु.५ करोड सम्म र सो भन्दा बढि लगानी गर्दा संचालक समितिबाट स्वीकृत लिई लगानी गर्ने ।

(ख) प्रारम्भिक सहकारी संस्थाहरुलाई बढीमा रु.१ करोड सम्म ।

(२) उपदफा (१) बमोजिम स्वीकृत कर्जा सदुपयोगिताको आधारमा ५० प्रतिशतका दरले दुई किस्तामा बैंक, वित्तीय संस्था र सहकारी संस्थालाई लगानी गर्नु पर्नेछ । कोषलाई आवश्यक लागेमा प्रारम्भिक सहकारी संस्थालाई एउटै किस्तामा लगानी गर्न सकिनेछ ।

(३) बैंक, वित्तीय संस्था र सहकारी संस्थाले उपदफा (१) बमोजिम लिएको विपन्न कर्जा बेरोजगार तथा लक्षित समुदायमा व्यवसायको आधारमा स्रोतको सुनिश्चत गरी बढीमा प्रति व्यक्ति रु.५ लाख सम्म र २ देखि १५ जनाको समूहमा बढीमा ५० लाख सामूहिक जमानीमा कर्जा लगानी गर्न सकिनेछ ।

(४) कोषले कर्जा लगानी गर्दा दफा (३) अनुसार स्वीकृत गरिएका आशय पत्र (ऋणी) लाई दफा (५) बमोजिम छनौंट र स्वीकृत गरिएका संस्था मार्फत कर्जा लगानी गर्नु पर्नेछ ।

(५) दफा (५) बमोजिम छनौंट र स्वीकृत गरिएका संस्थाहरुले कोषको उदेश्य अनुसार आफैले ऋणी छनौंट गरी कोषबाट कर्जा प्राप्त गरेको १ महिना भित्र कर्जा सम्झौता अनुसार कर्जा लगानी गर्नु पर्नेछ ।

(६) दफा (५) बमोजिम संस्था छनौंट र स्वीकृत गर्न नसकिएको खण्डमा कोष आफैले दफा (३) अनुसार स्वीकृत गरिएका ऋणीहरुलाई कर्जा लगानी गर्न सक्नेछ ।

(७) दफा (५) मा जेसुकै लेखिएको भएता पनि कार्यकारी उपाध्यक्षबाट गरिएको अधिकार प्रत्यायोजन भित्र रही कोषबाट खटिएका कर्मचारी वा शाखा कार्यालय वा सम्पर्क कार्यालयले दफा (३) अनुसार स्वीकृत गरिएका आषय पत्र (ऋणी) को आधारमा कर्जा उपलब्ध गराउने गरी सम्बन्धित स्थानीय तहमा उपलब्ध भएका वित्तीय संस्था वा सहकारी संस्थाहरु र अन्य स्थानीय तहका वित्तीय संस्था वा सहकारी संस्थाहरु मध्येबाट दफा (४) अनुसार संस्था छनौंट गरी कोषले तोकेको ढाँचामा संस्थासँग कर्जा सम्झौता गरी लगानी गर्न सकिनेछ ।

७. **कर्जाको व्याजदर र भुक्तानी अवधिः-**(१) कोषले बैंक, वित्तीय संस्था र सहकारी बैक तथा संस्थालाई अधिकतम वार्षिक ४% व्याज दरमा थोक कर्जा लगानी गर्नेछ ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम लिएको थोक कर्जा बैंक, वित्तीय संस्था र सहकारी संस्थाले कोषको लक्षित समुदाय तथा व्यक्ति/समूहलाई अधिकतम वार्षिक ८% व्याज दरमा कर्जा लगानी गर्न सक्नेछन् ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिमको व्याज दर संचालक समितिले समय समयमा पुनरावलोकन गर्न सक्नेछ ।

(३) ऋणी, बैंक, वित्तीय संस्था र सहकारी संस्थाले परियोजनाको आधारमा कोषलाई बढीमा ५ बर्ष भित्र कर्जा भुक्तानी गरिसक्नु पर्नेछ ।

(४) कोषबाट संस्थाको खातामा जम्मा भएको मितिले व्यवसायको आधारमा बढीमा १ बर्षको ग्रेस अबधि दिइनेछ ।

(५) व्यवसायको प्रकृति, प्रकार र आम्दानी आदिको आधारमा ग्रेस अबधि, ग्रेस अबधिमा भुक्तानी गर्नु पर्ने व्याजको बारेमा कोषले तोके बमोजिम हुनेछ ।

(६) संस्थाले कोषलाई ग्रेस अबधि बाहेक त्रैमासिक किस्ता अनुसार साँवा र ब्याज भुक्तानी गर्नु पर्नेछ ।

(७) व्यवसायको आधारमा ऋणीले संस्थालाई मासिक तथा त्रैमासिक किस्ता अनुसार साँवा र ब्याज भुक्तानी गर्नु पर्नेछ ।

८. **बीमासम्बन्धी व्यवस्था**:-(१) कोषको कर्जा लगानी हुने कर्जाग्राही तथा परियोजनाको एकमुष्ठ बीमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बीमा गर्ने कार्यमा राष्ट्रिय बीमा समितिले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(३) ऋणी तथा परियोजना बीमा गराउँदा अनिवार्य रुपमा सम्बन्धित लगानीकर्ता संस्थाले लिखित तथा अनलाईन बीमा प्रस्ताव फाराम भर्नु पर्नेछ ।

(४) बीमा गराउँदा लाग्ने प्रिमियम खर्च कोष मार्फत नेपाल सरकारले भुक्तानी गर्नेछ ।

## परिच्छेद ४

## सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रम

९. **सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रम**:- (१) संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका नगरपालिका, गाउँपालिकाहरु र समान उदेश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका संघ संस्थाहरुसँग साझेदारी गरी बैंक, वित्तीय संस्था र सहकारी संस्था मार्फत कर्जा लगानी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको कर्जा लगानीबाट प्राप्त आम्दानीको कोषले छुट्टै बैंक खाता खोली रकम जम्मा गरी कोषको हितमा निर्णय भए अनुसार उपयोग गर्न सकिनेछ । यस प्रकारको बैंक खाता खुलाउन म.ले.नि.का. ले सहजीकरण गरि दिनेछ ।

(३) यो कार्यक्रमका लागि साझेदार संस्थाले पचास प्रतिशत र कोषले शत प्रतिशत रकम थप गरी सम्झौता अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) उपदफा (१) बमोजिम साझेदारी मार्फत प्राप्त रकममा बढिमा ३.५ प्रतिशत व्याज दर उपलब्ध गराउनेछ ।

(५) प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम सोही प्रदेश र स्थानीय निकायमा स्वरोजगार तथा रोजगार सृजना गर्न प्रयोगमा ल्याईनेछ ।

(६) साझेदारी कार्यक्रमको लागि विनियोजित रकम सञ्चालन गर्न महालेखा नियन्त्रक कार्यालयको स्विकृतीमा छुट्टै बैंक खाता खोलिनेछ ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(७) साझेदारी कार्यक्रमको खाता संचालन कार्यकारी निर्देशक र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१०. **आशय पत्र र संस्था छनौट प्रकृया**:- (१) स्थानीय तहले कोषले तयार गरेको आशय पत्रको ढाँचा अनुसार युवाबाट प्रस्ताव आव्हान गर्नेछ ।

(२) कोष तथा स्थानीय तहले कोषले तयार गरेको कर्जा प्रस्तावको सूचना अनुसार बैंक/वित्तीय संस्था तथा सहकारी संस्थाहरुलाई कर्जा प्रस्ताव आव्हान गर्नेछ ।

(३) प्राप्त प्रस्तावको अध्ययन, मूल्याङ्कन तथा अनुगमन कोष (संचालन) नियमावलीको नियम १२ को स्थानीय समन्वय तथा अनुगमन समितिले गर्नेछ ।

(४) कोषको सम्पर्क कार्यालय/सचिवालय सम्बन्धित गाँउपालिका वा नगरपालिका वा कोषले तोकेको स्थानमा रहनेछ ।

(५) प्राप्त प्रस्तावहरूको अध्ययन, अनुगमन तथा निरीक्षण पश्चात स्थानीय समन्वय तथा अनुगमन समिति तथा कोषको कर्मचारीले उपयुक्त प्रस्ताव छनौट गरी ऋण लगानीका लागि सिफारिस गर्नेछ । सो कार्यका लागि आवश्यकता अनुसार स्थानीय विषय विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(६) उपदफा (५) बमोजिम सिफारिस भई आएका प्रतिवेदन प्रस्ताव तथा कर्जा लगानी गर्ने संस्थाहरु स्वरोजगार कोषका उपाध्यक्षले स्वीकृत गर्नेछन् र यसरी स्विकृत भएका प्रस्तावहरुका वारेमा कोषका अध्यक्षलाई जानकारी गराउनु पर्नेछ ।

(७) स्थानीय आवश्यकता अनुसार कोषले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसँग परियोजनाका आधारमा ऋण सम्झौता गर्नेछ । यस कार्यमा सहयोग गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सहयोग लिन सक्नेछ ।

(८) लगानी गर्दा प्राप्त हुने ब्याजको ४ प्रतिशत रकम स्वरोजगार कोषले प्रशासनिक खर्च/कर्मचारी व्यवस्थापन, कार्यक्रम प्रबर्द्धन, तालिम, असुली, उद्यमशिलता विकास तथा कर्मचारी बृति बिकासमा खर्च अर्थ मन्त्रालयको सहमति लिएर कोषको निर्णयानुसार गर्न सक्नेछ ।

## परिच्छेद -५

## ब्याज अनुदान र कर्जा व्यवस्थापन शुल्क

११. **ब्याज अनुदान सम्बन्धी व्यवस्था**:- ऋणीले भुक्तानी तालिका बमोजिम सम्पूर्ण किस्ता साँवा तथा ब्याज भुक्तानी गरे पश्चात ऋणीले तिरेको ब्याजमा सम्बन्धित ऋणीले ६०% अनुदान पाउनेछ । ब्याज अनुदान रकमको गणना, भुक्तानी विधि देहाय अनुसार हुनेछः-

(क) नेपाल सरकारले स्वरोजगार कर्जाको ब्याजदर घटबढ गरेपनि अनुदान भुक्तानी गर्दा कोषले स्वरोजगार कर्जामा लिएको ब्याजदरलाई नै आधार मान्नेछ ।

(ख) नियमित किस्ता बुझाउने कर्जाग्राहीले ब्याज अनुदान पाउनेछ तर २ **किस्ता भन्दा बढी किस्ता समयमा** नतिरेमा वा पूरै भाखा नाघेमा ब्याज अनुदान पाउने छैन ।

(ग) कर्जाग्राहीले ब्याज अनुदान माग गर्दा कोषले तोकेको ढाँचामा सम्वन्धित कर्जा लिएको संस्थामा निवेदन दिनु पर्नेछ । कर्जा लिएको संस्थाले कोषले तोकेको फारम भरी सिफारिस सहित स्थानीय समन्वय तथा अनुगमन समितिमा पेश गर्नु पर्नेछ । स्थानीय समन्वय तथा अनुगमन समिति वा कर्मचारीले सिफारिस गरेपछि कोषले आवश्यक निर्णय गर्नेछ ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) स्थानीय समन्वय तथा अनुगमन समिति वा कर्मचारीको उपस्थितिमा संस्थाले कोषले निर्णय गरेका कर्जाग्राहीहरुलाई ब्याज अनुदान रकम वितरण गर्नु पर्नेछ । ऋणीले ब्याज अनुदान रकम बुझिलिएको भर्पाई संलग्न गरी संस्थाले कोषमा पेश गर्नु पर्नेछ । ब्याज अनुदान रकम बुझिलिने भर्पाईको नमूना कोषले तोके बमोजिम हुनेछ ।

(ङ) अन्य बुँदामा जुनसुकै लेखिएको भए पनि व्यवसायीको व्यवसाय क्षतिभई वीमा कम्पनीले क्षतिपुर्ति दिएको अबस्थामा दावी भुक्तानी पाएको मिति भन्दा अगाडि कर्जाग्राहीले बुझाएको ब्याजको ६०% हुन आउने रकम मात्र कर्जाग्राहीले ब्याज अनुदान बापत भुक्तानी पाउनेछ ।

(च) यो कार्यविधि लागू हुनुभन्दा अघि कोषले ब्याज अनुदान भुक्तानी दिई सकेको हकमा सबै कर्जाग्राहीले ब्याज अनुदान भुक्तानी लिएको भर्पाई संलग्न गरी संस्थाले कोषलाई उपलब्ध गराउनु पर्नेछ ।

(छ) यो कार्यविधि लागू हुनुभन्दा पहिला कोषले लगानी गरेको तर ब्याज अनुदान भुक्तानी नदिएको संस्थाहरुको हकमा संस्थाहरुले माग गरेको आधारमा कोषले अनुगमन गरी एकमुष्ठ ब्याज अनुदान भुक्तानी दिइनेछ । यसरी भुक्तानी दिएको ब्याज अनुदान प्राप्त गर्ने कर्जाग्राहीको भर्पाई सम्बन्धित बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले कोषलाई उपलब्ध गराउनु पर्नेछ ।

(ज) कर्जाग्राहीलाई स्वरोजगार कर्जा उपलब्ध गराउने संस्थाले ब्याज अनुदान भुक्तानी दिई शोधभर्ना माग गरेको आधारमा कोषमा हिसाब मिलान गर्दा केही समस्या आई परेमा शोधभर्ना माग गर्ने संस्था जवाफदेही हुनेछ । साथै शोधभर्ना दिएको रकम मध्ये पूरै वा आंशिक रकममा समस्या आइपरेमा कोषले दावी गरेको बखतमा दावी गरेको १५ दिन भित्र शोधभर्ना लिने संस्थाले कोषलाई रकम फिर्ता गर्नु पर्नेछ ।

१२. <u>कर्जा व्यवस्थापन शुल्क सम्बन्धमा</u>:-(१) वित्तीय संस्था वा सहकारी संस्थाले लक्षित युवा तथा समुदायलाई स्वरोजगार कर्जा लगानी गरेपछि कोषले प्रति व्यक्ति लगानीमा रु.५००।- (अक्षरुपी पाँच सय मात्र) कर्जा व्यवस्थापन शुल्क वापत रकम सम्बन्धित लगानी गर्ने संस्थालाई उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको कर्जा व्यवस्थापन शुल्कको रकमका लागि स्वरोजगार कर्जा लगानी गर्ने संस्थाले कोषले तोके बमोजिमको फाराम भरी कोषमा पठाउनु पर्नेछ ।

## परिच्छेद -६
## संस्थाले कर्जा लगानीमा गर्नुपर्ने कार्यहरु

१३. **बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले कर्जा लगानीमा गर्नुपर्ने कार्यहरु:-** बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले कर्जा लगानीमा गर्नुपर्ने कार्यहरु देहाय बमोजिम हुनेछन्:-

(क) कोषबाट आशय पत्र स्वीकृत गरिएका ऋणीलाई संस्थाले कर्जा लगानी गर्नु पर्नेछ । यसका लागि कोषले ऋणीको नाम उपलब्ध गराउनु पर्नेछ ।

(ख) ग्राहक पहिचान सम्बन्धमा(Know Your Customer)कर्जाग्राहीको फाईलमा देहाय बमोजिमका कागजातहरु हुनु पर्नेछ ।

(१) कर्जा माग गरेको निवेदन ।

(२) नागरिकताको प्रतिलिपि ।

(३) एकाघरपरिवारको जमानी ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) समूह बनाई कर्जा प्रवाह भएकोमा सामूहिक जमानी ।

(५) निज र एकाघर परिवारको चल-अचल सम्पत्तिको पूरा विवरण (जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपिसमेत)

(६) तमसुक, कर्जा भुक्तानी तालिका ।

(७) शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रतिलिपि (शैक्षिक योग्यताको प्रमाणपत्र भएमा) ।

(८) व्यवसायिक तालिमको प्रमाणपत्र भएमा सोको प्रतिलिपि ।

(ग) सहकारी संस्थाको हकमा संस्थाको विनियम बमोजिम संस्थाको सञ्चालक समितिले स्वीकृत/अनुमोदन गर्नु पर्नेछ ।

(घ) कर्जाग्राहीलाई संस्थाको नियम अनुसार तमसुक गर्दा कर्जा असूल उपर सम्बन्धी आवश्यक शर्तहरु उल्लेख गर्नु पर्नेछ ।

(ङ) भुक्तानी तालिका बमोजिम लगातार किस्ता भाखा नाघेमा सम्वन्धित तालिका तथा स्थानीय प्रशासनमा अनिवार्य रुपमा जानकारी दिई कर्जा असूली प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(च) संस्थाले स्वरोजगार कोष अन्तर्गतका कर्जाग्राहीहरुको हिसाब छुट्टै ऋण खातामा राख्नु पर्नेछ ।

(छ) कर्जाग्राहीले तोकिए बमोजिम नियमित बचत गरेको रकमलाई संस्थाले छुट्टै खातामा राख्नु पर्नेछ ।

(ज) कर्जा दिँदा संस्थामा भएको कर्जाग्राहीको खातामा रकम जम्मा गर्नु पर्नेछ ।

(झ) कर्जा दिनुअघि सबै कर्जाग्राहीसँग अभिमुखीकरण कार्यक्रमको आयोजना गरी छलफल, अर्न्तक्रिया गरी कर्जाको ब्याजदर, असूली, ब्याज अनुदान, बीमा आदि बारे सम्वन्धित संस्थाले कर्जाग्राहीलाई जानकारी गराउनु पर्नेछ । यस सम्बन्धमा कोषले सूचना प्रविधिको उपयोग गरी विभिन्न टेम्पेलट तथा सामाजिक संजाल मार्फत सम्वन्धित ऋणी र संस्थाले सहयोग गर्नेछ ।

## परिच्छेद -७

## अनुगमन सम्बन्धी व्यवस्था, लगानी पूर्व र पश्चातको अनुगमन तथा निरीक्षण

१४. **अनुगमन सम्बन्धी व्यवस्थाः-** कोषले गरेको कर्जा लगानीको अनुगमन तथा निरीक्षण देहाय बमोजिम गरिनेछः-

(क) अनुगमन, नियमन तथा सुपरीवेक्षण कार्य कोषका पदाधिकारी तथा कर्मचारीहरु र स्थानीय समन्वय तथा अनुगमन समिति बाट गरिनेछ ।

(ख) उच्चस्तरीय अनुगमन समिति (तालुकवाला मन्त्रालय वा सो मन्त्रालयबाट खटाईएको टोली) बाट गर्न सकिनेछ ।

(ग) कर्जा सदुपयोगिता, कार्यक्रमको प्रभावकारिताको लागि सुपरिवेक्षण र मूल्यांकन गरिनुको साथै तेस्रो पक्षबाट समेत अनुगमन गराउन सकिनेछ । तर तेस्रो पक्षवाट अनुगमन गराउनु पूर्व मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ ।

(घ) अनुगमन, सुपरीवेक्षण, निरीक्षणको काममा खटिने पदाधिकारी, कर्मचारीले तोकिएको कार्य सम्पन्न गरी आफूले सम्पादन गरेका कार्यको विषयवस्तु एवम् विवरणलाई समेट्ने गरी प्रतिवेदन तयार गरी कार्यालयमा हाजिर भएको मितिले ५ दिनभित्र पेश गर्नु पर्नेछ ।



मा.मन्त्री बाबा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

१५. **लगानी गर्नु पूर्वको अनुगमन तथा निरीक्षणः-** कोषको दफा (३) बमोजिम स्वीकृत गरिएका ऋणीहरुको कर्जा लगानी गर्नु पूर्व स्थानीय समन्वय तथा अनुगमन समितिले स्थलगत अनुगमन गर्नु पर्नेछ । यसरी स्थानीय समन्वय तथा अनुगमन समितिले गरेको अनुगमन उपर कोषबाट कुनै पनि बेला कर्जा लगानी गर्नु पूर्व ऋणीको स्थलगत अनुगमन तथा निरीक्षण गर्दा देहाय बमोजिम गर्न सकिनेछ ।

(क) ऋणीले भरेको आशय पत्रलाई स्थलगत रुपमा भिडाएर/हेरेर प्रमाणित गर्नु पर्नेछ ।

(ख) माग गरेको कर्जा रकम र परियोजना प्रस्तावलाई अध्ययन गरेर व्यवसायको लागि उपयुक्त छ/छैन एकिन गर्नु पर्नेछ ।

(ग) व्यवसाय गर्न खोजेको स्थान र बजारीकरणको सम्भावना हेर्नु पर्नेछ ।

(घ) यातायातको नजिक, टाढाको अवस्था हेर्नु पर्नेछ ।

(ङ) कोषले तोकेको लक्षित समुदाय, यस अगाडि बैदेशिक रोजगारीमा गए/नगएको, सम्बन्धित व्यवसायमा तालिम लिए/नलिएको आदि हेर्नु पर्नेछ ।

(च) कर्मचारी संख्या र व्यवसायको प्रकार एकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसार मूल्यांकन, अनुगमन तथा निरीक्षण गरी कोषका कर्मचारी वा स्थानीय समन्वय तथा अनुगमन समितिले कर्जा सिफारिस सहित कोषमा प्रतिबेदन पेश गर्नु पर्नेछ ।

(३) कोषको कर्जा लगानी गर्नु पूर्व संस्थाको अनुगमन गर्नु पर्नेछ । कर्जा लगानी गर्नु पूर्व संस्थाको अनुगमन तथा निरीक्षण गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) कार्यालय, प्रशासनिक व्यवस्थापन, लेखा व्यवस्था तथा भौतिक सामग्रीहरूको अवलोकन तथा निरीक्षण गर्नु पर्नेछ ।

(ख) संस्थाको निर्णयपुस्तिका तथा चारखाताहरु (सम्पत्ति, दायित्व, बचत र ऋण खाता) निरीक्षण गर्नु पर्नेछ ।

(ग) स्थानीय समन्वय तथा अनुगमन समिति, स्थानीय सहकारी सङ्घलगायतका सरोकारवाला निकायहरुसँग आवश्यकता अनुसार छलफल गर्नु पर्नेछ ।

(घ) प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्मको लेखापरीक्षण नियमित गरे/नगरेको अवलोकन तथा निरीक्षण गर्ने । करचुक्ता प्रमाणपत्र भए/नभएको निरीक्षण गर्नु पर्नेछ ।

(ङ) नाफा-नोक्सान, नगद प्रवाह विवरण, आय-व्याय हिसाब भए/नभएको निरीक्षण गर्नु पर्नेछ ।

(च) सहकारीको विनियम बमोजिम सहकारी संस्थाको सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समिति गठन भए/नभएको निरीक्षण गर्नु पर्नेछ ।

(छ) सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिको बैठक तथा वार्षिक साधारणसभा नियमित भए/नभएको निरीक्षण गर्नु पर्नेछ ।

(ज) सहकारीले कुन-कुन निकाय वा संस्थासँग के-कति कर्जा लिएर लगानी गरेको छ जानकारी लिने, कर्जा लिएको भए साख सूचना भए/नभएको निरीक्षण गर्नु पर्नेछ ।

(झ) अनुगमन सम्बन्धी कार्य स्थलगत तथा गैह्र स्थलगत दुबै तरिकाबाट गर्न सकिनेछ ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ञ) अनुगमन निरीक्षणबाट प्राप्त सूचना एवम् प्रस्तावमा पेश भएका विवरणका आधारमा निर्धारित मापदण्ड पुगेका संस्थाहरु छनौट गरी स्थानीय समन्वय तथा अनुगमन समितिबाट वा कोषको कर्मचारीबाट निर्णय भई तोकिए बमोजिमको सङ्लग्न अनुगमन फाराम भरी स्थानीय समन्वय तथा अनुगमन समितिबाट कोषमा पेश गर्नु पर्नेछ ।

१६. **लगानी पश्चात अनुगमन तथा निरीक्षणः-** (१) ऋणीले कोषको कर्जा लगानी गरे पछि ऋणी र ऋणीको व्यवसायको देहाय बमोजिम स्थलगत अनुगमन तथा निरिक्षण गर्नु पर्नेछः-

(क) ऋणीले जुन प्रयोजनको लागि कर्जा लिएको हो सोही प्रयोजनमा कर्जा लगानी गरे/नगरेको, कर्जाको दुरुपयोग वा हीनामीना गरे/नगरेको सम्बन्धमा स्थलगत अनुगमन, निरीक्षण गरि कर्जाको सदुपयोय गरेको नपाईएमा कोषले तोकेको हर्जना सहित असुल उपर गर्नु पर्नेछ । कोषको उद्देश्य अनुसार व्यवसाय गरेको पाईएका व्यवसायीहरुसँग छलफल तथा अन्तर्क्रिया गरी राय-सुझाव दिनु पर्नेछ ।

(ख) सम्बन्धित व्यवसायीहरूको सामूहिक लगानी भए समूहगत लगानी एवम् व्यवसायको अवलोकन तथा छलफल गरी पृष्ठपोषण दिनु पर्नेछ ।

(ग) ऋणीले परियोजना स्थलमा सबैले प्रष्ट देख्ने गरी "युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सहयोगमा वित्तीय सहयोग प्राप्त" भन्ने व्यहोराको न्यूनतम २ फीट लम्बाई र १.५ फीट चौडाईको बोर्ड राखे/नराखेको निरीक्षण गर्नु पर्नेछ । बोर्ड नराखेको पाईएमा राख्न लगाउनु पर्नेछ ।

(घ) स्वरोजगार कर्जा लिएको व्यक्ति तथा परियोजनाको अनिवार्य अनलाईन बीमा गर्नुपर्ने भएकाले सो अनुसार भए/नभएको यकिन गरी नभएको भए बीमा गर्न लगाउनु पर्नेछ ।

(ङ) आशय पत्रमा ऋणीले सही सनाखत, कर्जा रकम आदि उल्लेख भए/नभएको अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(च) कर्जा भुक्तानी तालिका अनुसार ऋणीले कर्जा बुझाए/नबुझाएको एकिन गरी नबुझाएको पाईएमा बुझाउन लगाउनु पर्नेछ ।

(२) संस्थाले कोषको कर्जा लगानी गरे पछि संस्थाको देहाय बमोजिम स्थलगत अनुगमन तथा निरिक्षण गर्नु पर्नेछः

(क) जुन प्रयोजनको लागि कर्जा लिएको हो सोही प्रयोजनमा कर्जा लगानी गरे/नगरेको, कर्जाको दुरुपयोग वा हीनामीना गरे/नगरेको सम्बन्धमा स्थलगत अनुगमन, निरीक्षण गरि कर्जाको सदुपयोय गरेको नपाईएका कोषले तोकेको हर्जना सहित असुल उपर गर्नु पर्नेछ ।

(ख) सम्वन्धित सहकारीका सञ्चालक समितिले कर्जा उप-समितिको सिफारिसमा कर्जा स्वीकृत/अनुमोदन गरे/नगरेको निरीक्षण गर्नु पर्नेछ ।

(ग) तमसुकमा ब्याज दर, हर्जाना दर (प्रतिशत), लगानी मिति, चुक्ता गर्ने अन्तिम मिति, कर्जाग्राहीको सही सनाखत, कर्जा रकम, साक्षीको सनाखत आदि उल्लेख भए/नभएको र निरीक्षण गर्नु पर्नेछ ।

(घ) निरीक्षण पुस्तिका राखेको/नराखेको निरीक्षण गर्नु पर्नेछ ।

(ङ) सहकारीको कार्यालयमा सबैले प्रष्ट देख्नेगरी "युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सहयोगमा वित्तीय सहयोग प्राप्त" भन्ने व्यहोराको

न्यूनतम २ फीट लम्बाई र १.५ फीट चौडाईको वोर्ड राखे नराखेको निरीक्षण गर्नु पर्नेछ । वोर्ड नराखेको पाईएमा राख्न लगाउनु पर्नेछ ।

(च) युवा स्वरोजगार कर्जा लिएको व्यक्ति तथा परियोजनाको अनिवार्य अनलाईन बीमा गराउनुपर्ने दायित्व लगानी गर्ने संस्थाको भएकोले सो अनुसार भए/नभएको यकिन गरी नभएको भए बीमा गर्न लगाउनु पर्नेछ ।

(छ) संस्थाले स्वरोजगार कोष अन्तर्गतका कर्जाग्राहीका हिसाब छुट्टै ऋण खातामा राखे/नराखेको निरीक्षण गर्नु पर्नेछ ।

## परिच्छेद -८
## कर्जा असूली

१७. **कर्जाग्राहीबाट कर्जा असूली**:- (१) कर्जाग्राहीले नियमित कर्जा नतिरेमा कर्जा तिराउनको लागि मौखिक तथा लिखित तरताकेता तथा कर्जाग्राहीसँग छलफल गरी कर्जा असूल गर्ने सम्पूर्ण दायित्व कर्जा लगानी गर्ने बैंक, वित्तीय संस्था वा सहकारी संस्थाको हुनेछ ।

(२) संस्थामार्फत लगानी भएको रकम भुक्तानी तालिका अनुसार समयमा नबुझाउने तथा रकम दुरुपयोग गर्ने कर्जाग्राहीलाई सहकारी ऐन, २०७४ एवम् बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कारबाही गरी कर्जा असूल-उपर गर्न सकिनेछ ।

(३) कर्जाग्राहीले किस्ता तिर्न ढिला गरेमा वा नतिरेमा उक्त कर्जाग्राहीसँग कर्जा असूली गर्न संस्थाले गरेको प्रयास र प्रयत्नसहित जिल्ला स्थित कर्जा असूली उप- समिति तथा स्थानीय समन्वय तथा अनुगमन समितिमा कर्जा असूली सहजीकरणको लागि कर्जाग्राहीले तिर्नुपर्ने साँवा, व्याज तथा हर्जाना रकम समेत खुलाई लिखित निवेदन दिनु पर्नेछ ।

(५) जिल्ला स्थित कर्जा असूली उप- समिति वा स्थानीय समन्वय तथा अनुगमन समितिबाट कर्जा नतिर्ने कर्जाग्राहीलाई पत्राचार वा अन्य कुनै माध्यमबाट सम्पर्क समन्वय गरी स्थानीय प्रहरी प्रशासन समेतको प्रयोग गरी आवश्यक कारवाही गरी कर्जा असूल-उपर गर्न सहयोग गर्नु पर्नेछ ।

(६) कोषले संस्था मार्फत कर्जा लगानी गरेको व्यक्तिले लिएको कर्जा जुन प्रयोजनका लागि लिएको हो सोही प्रयोजनमा उपयोग नगरेमा वा हिनामिना वा दुरुपयोग भएको देखिएमा वा निर्धारित समयमा साँवा, व्याज भुक्तानी नगरेमा प्रचलित कानून बमोजिम कर्जा सम्झौतामा उल्लेख भएबमोजिम साँवा, व्याज र २ प्रतिशत हर्जना समेतको रकम असूल उपर गर्नेछ ।

(७) उपधारा (६) बमोजिम रकम नतिर्ने ऋणीलाई कोषले कर्जा सुचना केन्द्रको कालो सुचीमा राख्न, निजको चल अचल सम्पत्ति रोक्का राख्न, वैंक तथा वित्तीय संस्थामा रहेको खाता रोक्का राख्न वा नेपाल सरकारबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्जित गर्न र प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्वन्धित निकायमा अनुरोध गर्न सक्नेछ ।

(८) उपधारा (७) बमोजिम कोषबाट कारबाहीको लागि लेखी आएमा सम्वन्धित निकायले कारबाही गरी सहयोग गर्नु पर्नेछ ।

१८. **बैंक, वित्तीय संस्था र सहकारी संस्थाहरुबाट कर्जा असूली**:- (१) कोषको कर्जा लिने संस्थाले जुन प्रयोजनको लागि कर्जा लिएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्जा लिएको प्रयोजन बाहेक अन्य प्रयोजनमा उपयोग गरेमा, कर्जाको दुरुपयोग गरेमा वा निर्धारित समयमा साँवा, व्याज भुक्तानी नगरेमा त्यस्ता ऋणीबाट कोषले प्रचलित कानून बमोजिम सम्झौतामा उल्लेख भए बमोजिम साँवा, व्याज र हर्जाना समेतको रकम असूल उपर गर्नेछ ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) संस्थाले किस्ता तिर्न ढिला गरेमा वा नतिरेमा सो संस्थालाई जिल्ला स्थित कर्जा असूली उप- समिति तथा स्थानीय समन्वय तथा अनुगमन समितिबाट लिखित ताकेता साथै अन्य कुनै माध्यमबाट सम्पर्क समन्वय गरी आवश्यक कारवाही गरी कर्जा असूल उपर गर्न सहयोग गर्नेछ ।

(४) सम्बन्धित संस्थालाई बाटो म्याद बाहेक ७ दिनको म्याद दिई कर्जा भुक्तानीका लागि पत्र पठाईनेछ ।

(५) कोषको रकम नबुझाउने सहकारी संस्थाका सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरु र संस्थाको व्यवस्थापकको अचल सम्पत्ति रोक्काको लागि सम्बन्धित मालपोत कार्यालयलाई कोषबाट पत्राचार गरिनेछ ।

(६) वित्तीय संस्था वा सहकारी संस्था मार्फत कार्यक्रमको लागि कोष संग भएको सम्झौता बमोजिम कोषबाट लिएको कर्जाको साँवा तथा व्याज समयमा चुक्ता गर्ने, गराउने प्रमुख जिम्वेवारी सम्वन्धित वित्तीय संस्था वा सहकारी संस्थाको सम्वद्ध पदाधिकारीको हुनेछ ।

(७) उपदफा (६) बमोजिम जिम्मेवारी पूरा नगर्ने संस्था र त्यसका सम्बद्ध पदाधिकारीलाई/कर्मचारीलाई कानून बमोजिम कारवाही गर्न कोषले सम्वन्धित निकायमा लेखी पठाउनेछ ।

(८) कोषबाट कर्जा लिएका वित्तीय संस्था वा सहकारी संस्थाले उक्त कर्जाको साँवा तथा व्याज रकम तोकिएको समयमा नबुझाएमा कोषले त्यस्ता संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा सदस्यको सम्वन्धित निकाय मार्फत चल, अचल सम्पत्ति रोक्का गर्न, नेपाल सरकारबाट प्रदान गरिने सबै सेवा सुविधा रोक्का गर्न र कालोसूचीमा राख्ने लगायतका कारवाही गरी साँवा तथा व्याजको रकम असूल गर्नेछ ।

(९) उपदफा (८) बमोजिम कोषबाट कारबाहीको लागि लेखी आएमा सम्वन्धित निकायले कारबाही गरी सहयोग गर्नु कर्तव्य हुनेछ ।

१९. <u>कर्जा असूली उप-समिति</u>- (१) कोषले कर्जाग्राही र संस्थाहरुलाई गरेको कर्जा प्रभावकारी रुपले असूली गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको पाँच सदस्यीय कर्जा असूली उप-समिति गठन गर्नेछ ।

(क) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -संयोजक

(ख) जिल्ला समन्वय अधिकारी —सदस्य

(ग) जिल्लामा युवा उद्यमीहरु मध्येवाट दुई जना -सदस्य

(घ) कोषको सम्बन्धित जिल्लाको कर्जा असूली सहजकर्ता -सदस्य-सचिव

(२) उपदफा (१) वमोजिम गठन गरिएको कर्जा असूली उप-समितिको कार्यालय सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय वा प्रमुख जिल्ला अधिकारीले तोकेको स्थानमा सम्पर्क कार्यालय रहनेछ ।

(३) उपदफा (१) वमोजिम गठन गरिएको कर्जा असूली उप-समितिको वैठक सञ्चालन सम्बन्धी कार्यविधि देहाय वमोजिम हुनेछः—

(क) हरेक जिल्लामा कर्जा असूली उप-समिति क्रियाशील हुनेछ र बैठकको अध्यक्षता संयोजकले गर्नेछन् ।

(ख) बैठक आवश्यकता अनुसार वस्नेछ तर प्रत्येक तीन महिनामा एउटा बैठक अनिवार्य बस्नु पर्नेछ ।

(ग) बैठकका एजेन्डा सदस्य सचिवले संयोजकसँग सल्लाह गरी तय गर्नेछन र संयोजकको अनुमति अनुसार वैठकको मिति तोकी सदस्य



मा.मन्त्री बाबा तामाङ
युवा तथा खेलकूद मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिवले समितिका अन्य सदस्यहरूलाई प्रस्ताव सहितको सूचना दिनेछन् ।

(घ) समय- समयमा संयोजक र सदस्य सचिवले बैठकका निर्णयहरू कार्यान्वयन गर्न समिक्षा गर्ने र आवश्यकता अनुसार संयोजकले सदस्य सचिवलाई आवश्यक निर्देशन दिइ कोषको असूली, अनुगमन तथा अन्य कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गठन गरिएको उप-समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्लामा कुन-कुन स्थानमा के-के व्यवसाय संचालन गर्न सकिन्छ सो को पहिचान गर्ने, सम्बन्धित पक्षसँग सम्पर्क, समन्वय र सहकार्य गर्नुका साथै प्रवाह भएका कर्जाको अनुगमन निरीक्षण गरी असूली सहजकर्ता मार्फत प्रतिवेदन मगाई सदुपयोगिताको एकीन गर्ने ।

(ख) जिल्लामा युवा स्वरोजगार कार्यक्रम अर्न्तगत सञ्चालित परियोजनाको अनुगमन, मूल्याङ्कन गर्नुपर्ने र लक्षित समूहको पहिचान, विश्लेषण गरी उनीहरूमा कर्जा प्रवाहको वातावरण निर्माण गर्नु पर्नेछ ।

(ग) कोषले थोक कर्जा प्रवाह गरेका बैंक, वित्तीय संस्था र सहकारीहरूले कोषलाई प्रत्येक त्रैमासिकमा (आषाढ मसान्त, असोज मसान्त, पौष मसान्त र चैत्र मसान्त) नियमित बुझाए/नबुझाएको एकीन गर्ने । नबुझाउने संस्थालाई तरताकेता गर्नु पर्नेछ ।

(घ) समयमा किस्ता नबुझाउने तथा दुरूपयोग गर्ने बैंक,वित्तीय संस्था र सहकारी संस्थाहरूलाई र व्यवसायीहरूलाइ कोष (संचालन) नियमावली तथा सम्झौता अनुसार असूलीमा कडाइका साथ प्रयत्न गर्ने र ऋण नतिर्नेलाई प्रशासनीक कारवाही चलाउने, राहदानी रोक्का गर्ने, कालो सूचीमा राख्ने तथा सरकारी सुविधाबाट वञ्चित गर्ने तर्फ कारवाही गर्नु पर्नेछ ।

(ङ) समयमा किस्ता रकम नबुझाउने सहकारी सञ्चालकहरूका नाममा भएको चल अचल सम्पत्ति (जग्गा-जमिन, घर-घराना) पत्ता लगाई सम्बन्धित मालपोत कार्यालयबाट कोषको रकम असुल उपर नहुँदासम्म रोक्का गर्न पत्राचार गरिनेछ र सम्बन्धित कार्यालयबाट लेखी आए अनुसार गर्नु पर्नेछ ।

(च) कर्जाको दुरपयोग गर्ने कर्जाग्राही एवम् सञ्चालक सदस्यहरूलाई कोषको नीति नियम बमोजिम कारवाही गर्दा समेत किस्ता रकम असुल उपर हुन नसकेमा दुरूपयोग भएको रकम असुल उपर गर्नका लागि निर्णय गरी कानुनी कारवाहीका लागि कोषमा सिफारिस गर्नु पर्नेछ ।

(छ) कोषसंगको समन्वयमा अन्य कार्य गर्नु पर्नेछ ।

(५) कोषले असूली सहजकर्ताको करारबाट छनौट गर्नेछ र सहजकर्ताको छनौट गर्दा कार्यरत स्वयंसेवकहरुलाई प्राथमिकता दिइनेछ ।

(६) उपदफा (५) बमोजिम कोषले छनौट गरिएको कर्जा असूली सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) युवा स्वरोजगार कार्यक्रमको कर्जा असूली सहजकर्ताको रूपमा काम गर्नु पर्नेछ ।

(ख) युवा स्वरोजगार कार्यक्रममा सहभागी हुन चाहानेहरूको आवश्यक विवरण तयार गर्नु पर्नेछ ।

(ग) संयोजन तथा अनुगमन समितिको सदस्य सचिवको हैसियतमा बैठकका संयोजकसँग सल्लाह गरी एजेन्डा तयार गर्ने, बैठकको मिति तोक्न संयोजकलाई सल्लाह दिने, बैठक व्यवस्थापन गर्ने तथा बैठकका निर्णयहरू लेख्ने तथा निर्णय पुस्तिका सुरक्षित राख्नु पर्नेछ ।

(घ) बैंक, वित्तीय संस्था र सहकारी संस्थामा तथा कर्जाग्राहीमा लगानी भएका कर्जाको निरन्तर अनुगमन गरी कर्जा सदुपयोग गराउने, दुरुपयोग गरेको भएमा कोषको नियमावली अनुसार असूल उपर गरी कोषलाई प्रतिबेदन सहित जानकारी गराउने र कोषको नियमावली, प्रचलित कानून बमोजिम तथा असुली तालिका अनुसार नियमित असूल गराउनु पर्नेछ ।

(ङ) बैंक, वित्तीय संस्था र सहकारीहरूले प्रत्येक त्रैमासमा (आषाढ मसान्त, असोज मसान्त, पौष मसान्त र चैत्र मसान्त) बुझाएको भौचर सहित कोषले तोकेको ढाँचामा वित्तीय फाराम भरी कोषमा त्रैमास सकिएको १५ दिन भित्र असूली प्रतिबेदन पठाउनु पर्नेछ ।

(च) आफ्नो जिल्लामा सञ्चालनमा रहेका तालिम, गोष्टी लगायतका कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने गराउने, अनुगमन निरीक्षण एवम् परिचालन गर्ने, सो को रेकर्ड राख्नु पर्नेछ ।

(छ) कोषको नगद तथा जिन्सीको उचित संरक्षण गर्ने, आवश्यक लेखा, स्टोर व्यवस्थित राख्नु पर्नेछ ।

(ज) युवा स्वरोजगार कार्यक्रममा संचालन गरेका व्यवसाय र व्यवसायीको वीमा भए/नभएको एकीन गर्नु पर्नेछ । वीमा नभएको भए वीमा गर्न लगाउनु पर्नेछ ।

(झ) कोष सचिवालय तथा जिल्लाको कर्जा असूली उप-समितिले तोकिदिएको अन्य कार्यहरू गर्ने, गराउनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम कोषले नियुक्ति गरिएका प्रत्येक जिल्लाका कर्जा असूली सहजकर्ताहरूले निम्नानुसार पारिश्रमिक, सेवा सुविधा प्राप्त गर्नेछन्:

(क) मासिक पारिश्रमिक रु.१२,०००/-,

(ख) सञ्चार/टेलिफोन खर्च प्रति महिना रु ५००/-,

(ग) कोषको सञ्चालक समितिको निर्णय अनुसार सेवा सुबिधामा हेरफेर भएमा सोही बमोजिम हुनेछ ।

(८) उपदफा (१) बमोजिम गठन गरिएका कर्जा असूली उप-समितिको कार्यालय खर्च देहाय बमोजिम हुनेछ:-

(क) उप-समितिलाई मासिक रु १०,०००/- (कार्यालय संचालन, स्टेशनरी, बैठक आदि) खर्च बापत युवा स्वरोजगार कोषबाट चौमासिक रूपमा उप-समितिको खातामा निकासा हुनेछ ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) खण्ड (क) बमोजिम निकाशा रकम उप-समितिको संयोजक वा निजले तोकेको व्यक्ति र सदस्य सचिव (असूली सहजकर्ता) को संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(ग) खण्ड (क) बमोजिम निकाशा रकम जिल्ला उप-समिति संयोजक तथा सदस्य सचिवको समन्वयमा आवश्यकता अनुसार खर्च गर्ने, अर्थ मन्त्रालयको मापदण्ड अनुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ र सो को बिल भपाई तथा लेखा राखी कोषमा पठाई फर्छ्यौट गर्नु पर्नेछ ।

(९) उपदफा (७) र (८) बमोजिमको खर्च कोषको विनियोजित बजेटको सम्वन्धित शीर्षकबाट खर्च गरिनेछ ।

२०. **पुनः कर्जा उपलव्ध नगराईने:-** कोषले कारवाही गरी साँवा र व्याज असूल गरिएको व्यक्ति र संस्थाको अभिलेख राखी त्यस्तो व्यक्ति र संस्थालाई कोषबाट पुनः कर्जा उपलव्ध गराइने छैन ।

## परिच्छेद -९
## लिलाम बिक्री र फुकुवा

२१. **लिलाम बिक्री सम्बन्धी व्यवस्था:-** (१) संस्थाका पदाधिकारी तथा सदस्यहरुको सरकारी बाँकी बक्यौता सरह तिर्न बुझाउन पर्ने रकम बाटोको म्याद बाहेक रकम तिर्न बुझाउन आउनु भनी संस्थाका समितिलाई कोषले ३५ दिन म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र तिर्न बुझाउन नआएमा वा तिरी बुझाई सकेको प्रमाण पेश नगरेमा सञ्चालकहरुको नाममा रहेको अचल सम्पत्तिको लिलाम बिक्री गर्न कोषले सूचना प्रकाशित गर्नु पर्नेछ ।

(३) संस्थाले लगानी गरेको कर्जा असुल उपर नभएमा कर्जाग्राही तथा निजका एकाघरपरिवारको नाममा भएको चल-अचल सम्पत्ति बैङ्क, वित्तीय संस्थाबाट लिलामी गर्दा सङ्घ/संस्था बैङ्क, वित्तीय संस्थाको प्रचलित ऐन तथा नियम अनुसार लिलामी गर्नु पर्नेछ ।

(४) चल-अचल सम्पत्तिको सहकारी सङ्घ/संस्थाले लिलाम गर्दा सहकारी ऐन, २०७४ अनुसार र बैङ्क, वित्तीय संस्थाले लिलाम बिक्री गर्दा बैङ्क वित्तीय संस्था ऐन, २०७३ को व्यवस्था अनुसार लिलाम बिक्री गर्ने गराउनु पर्नेछ ।

(५) लिलाम बिक्री गर्दा जिल्ला स्थित कर्जा उप-समितिको सहयोग लिनु पर्नेछ ।

(६) चल-अचल सम्पत्ति, परियोजना लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा धितोको विवरण एवं संस्थाले बुझाउनुपर्ने साँवा ब्याज र हर्जाना सहितको मूल्य उल्लेख गरी सूचना प्रकाशित गरी चल सम्पत्ति भए १५ दिनभित्र र अचल सम्पत्ति भए ३५ दिनभित्र लिलाम गरी असुल उपर गरिने बारेको सूचना स्थानीय तहको कार्यालय वा सार्वजनिक स्थानमा तथा जिल्ला प्रशासन कार्यालयमा टाँस गरी लिलाम प्रक्रिया अघि बढाउनु पर्नेछ । यसरी लिलामी नभएमा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी पुनः प्रक्रिया अघि बढाइनेछ ।

(७) धितो लिलाम बिक्री गर्दा चल-अचल सम्पत्तिको कानून बमोजिमको तोकिएको मूल्य कायम गरी डाँक बढाबढ गरी सबैभन्दा बढी डाँक बोल्नेको नाममा लिलाम बिक्री स्वीकृत गर्नु पर्नेछ ।

(८) लिलाम बिक्री गर्दा सम्बन्धित कर्जाग्राहीलाई समेत उपलब्ध भएमा साक्षी राख्नु पर्दछ । तर साक्षी नभएकै कारणबाट लिलामी बिक्री प्रकृयामा बाधा पुगेको मानिने छैन ।

(९) असूल-उपर हुन नसकेको कर्जा, कर्जाग्राहीको जुनसुकै ठाउँमा रहेको सम्पत्तिवाट असूल-उपर गर्न सकिनेछ ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१०) लिलाम बिक्री गर्दा लिलाम बिक्री नभएमा प्रचलित कानुन अनुसार नेपाल सरकारले जायजेथा सकार गर्नु पर्नेछ ।

(११) लिलाम बिक्री गर्दा साँवा तथा ब्याज र लिलाम बिक्रीमा राखेको खर्च कटाई बढी हुन आएको रकम सम्बन्धित कर्जाग्राही संस्था एवम् सञ्चालकलाई फिर्ता गर्नु पर्नेछ ।

(१२) लिलाम बिक्री गर्दा रोक्का रहेको सम्पत्तिमध्ये जुन छिटो लिलाम सकार हुन्छ सोहीबाट असूल उपर गरिनेछ ।

(१३) लिलाम बिक्री सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

२२. **फुकुवा प्रकृया सम्बन्धी व्यवस्थाः-** (१) संस्थाले वा व्यक्तिले कोषलाई बुझाउनुपर्ने सम्पूर्ण साँवा ब्याज र हर्जाना समेत चुक्ता गरेको भौचरसहितको प्रमाण, रोक्का भएका चल-अचल सम्पत्ति, राज्यले दिने सेवा सुविधा तथा राहदानी रोक्का फुकुवा गर्नको लागि कोषमा सम्बन्धित संस्थाले वा व्यक्तिले निवेदन दिनु पर्नेछ ।

(२) निवेदन कोषमा प्राप्त भएपछि कोषको नाममा रोक्का भएको चल-अचल सम्पत्ति, राज्यले दिने सेवा सुविधा फुकुवा तथा राहदानी फुकुवाको लागि ७ दिनभित्र कोषबाट सम्बन्धित कार्यालयमा पत्राचार गरिनेछ । यसरी प्राप्त पत्रको आधारमा सम्बन्धित कार्यालयले कोषको सिफारिस अनुसार सम्बन्धित संस्था/व्यक्तिको सम्पति फुकुवा गरिदिनु पर्नेछ ।

## परिच्छेद -१०
## विविध

२३. **व्यवसायीको उद्यमशीलताको विकास गर्नुपर्ने** (१) कोषको कर्जा लिई व्यवसाय गरिरहेका वा कोषको कर्जा लिन चाहने ऋणीलाई उद्यमशीलताको विकास सम्वन्धि कार्यक्रम कोषले संचालन गर्नेछ ।

(२) व्यवसायको प्रकृति तथा प्रकारको आधारमा व्यवसायीको उद्यमशीलताको प्रवर्द्धन गरिनेछ ।

२४. **संशोधन तथा हेरफेरः-** (१) कोषको सञ्चालक समितिले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

२५. **अनुसूची, फाराम तथा ढाँचा सम्बन्धी व्यवस्थाः-** (१) यस कार्यविधिका लागि प्रयोग हुने अनुसूची, फाराम तथा ढाँचा सम्बन्धी व्यवस्था कोषले तोके बमोजिम हुनेछ ।

२६. **संस्थागत विकास कोषमा जम्मा हुनेः-** (१) कर्जा सम्झौता गर्दा प्रति सहकारीबाट लिइरहेको रु.१ हजार कोषको संस्थागत विकासका लागि संस्थागत विकास कोषमा जम्मा हुनेछ ।

२७. **खारेजी र बचाऊ सम्बन्धी व्यवस्थाः-**(१) युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट जारी गरिएको लगानी निर्देशिका, २०६९ खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको लगानी निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं